# गण्डकी प्रदेश सरकार
# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
## पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
पोखरा, कास्की, नेपाल

पत्र सङ्ख्याः २०८०/८१
चलानी नं.:

**खेलकुद मैदान मर्मत सम्भार कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने बारे**
**सूचना !!!**

(प्रथम् पटक प्रकाशन मितिः२०८०/१२/१६ गते)

यस मन्त्रालयको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमहरू मध्ये **खेलकुद मैदान मर्मत सम्भार कार्यक्रम**लाई यस मन्त्रालयबाट स्वीकृत **युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड-२०८०** अनुसार कार्यान्वयन गर्नुपर्ने भएकाले मान्यता प्राप्त युवा क्लब, विद्यालय वा खेलकुदसँग सम्बन्धित संघ/सँस्थाहरूले तपसिलका कागजात सहित मिति २०८०/१२/२६ गते सम्म यस मन्त्रालयमा वा जिल्लास्थित सामाजिक विकास कार्यालयहरूमा अनुसूची-१७ अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

.............................
(प्रकाश देवकोटा)
उपसचिव
युवा तथा खेलकुद महाशाखा

उप सचिव

**तपसिलः**

**प्रस्तावसाथ सँलग्न गर्नुपर्ने कागजातहरूः**

१. सम्बन्धित पालिका वा वडाका प्राविधिकहरूले तयार पारेको लागत अनुमान
(यसरी लागत अनुमान तयार पार्दा; सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशबाट विनियोजन भएको रकम, लागत इष्टिमेतको कम्तिमा १० प्रतिशत रकम सम्बन्धित निकाय/सँस्थाबाट साझेदारी भएको र कन्टिन्जेन्सी रकम ४ प्रतिशत देखिने गरी तयार पारेको हुनुपर्नेछ । साथै लागत इष्टिमेटमा प्राविधिकको नाम, हस्ताक्षर र कार्यरत कार्यालयको छाप अनिवार्य हुनुपर्नेछ । )

२. सम्बन्धित पालिकाको दर विश्लेषण (Rate Analysis)

३. **खेलमैदानको जग्गामा कुनै व्यक्तिको हकभोग नरहेको** भन्ने स्थानीय तह/वडाको सिफारिस

४. निर्माण/उपभोक्ता समिति गठन, अनुगमन समिति गठन, खाता संचालन र सम्झौता गर्ने व्यक्तिका सम्बन्धमा भेला/क्लव वा विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयका प्रमाणित प्रतिलिपिहरू

**नोटः** उपभोक्ता/निर्माण समिति ७ सदस्यीय र अनुगमन समिति ३ सदस्यीय हुनु आवश्यक छ । साथैहरू समितिहरू गठन गर्दा जनप्रतिनिधिको समेत उपस्थिति गराउनु पर्नेछ ।

५. समितिका सदस्य र पदाधिकारीहरूको नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू

६. अनुसूची-२१ बमोजिमको स्वघोषणा पत्र ।

**पुनश्चः**

- **"खेलमैदान मर्मत सम्भार कार्यक्रम"** अन्तरगत छनौट भएका योजनाहरूलाई प्रदान गरिने रकम एक योजनाका लागि २ लाख ५० हजार रुपैयाँ भन्दा बढी हुनेछैन ।
- यस सूचना अनुसार भर्नुपर्ने **अनुसूची-१७ र अनुसूची-२१** यस मन्त्रालयको Website: mosd.gandaki.gov.np मा राखिएको **युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड-२०८०** बाट Download गर्न सकिनेछ ।
- **थप जानकारीको लागिः**

**मन्त्रालयको सम्पर्क नं. ०६१-५९०२४२**